# बर्लिङ्टनको स्थानीय निर्वाचनमा सबै वैध बासिन्दाहरूको मतदानसम्बन्धी
# प्रायः सोधिने तेह्र प्रश्नहरू

**थप जानकारी यहाँ पाउनुहोस्:** www.burlingtonvt.gov/AllLegalResidentVoting

## 1. बर्लिङ्टन नगरले बर्लिङ्टनको स्थानीय चुनावमा सबै वैध बासिन्दालाई किन र कसरी मतदानमा समावेश गर्ने विचार गरिरहेको छ ?

सबै वैध निवासी मतदाताहरूलाई लोकतान्त्रिक प्रक्रियामा संलग्न गराउनु अमेरिकी संविधानको एक महत्त्वपूर्ण पक्ष हो र यसले राष्ट्रको नागरिक संलग्नताको बलियो भावनालाई सुदृढ बनाउँछ । बर्लिङ्टन नगरको समुदाय ऐतिहासिक रूपमा बलियो र राजनीतिक रूपमा सक्रिय छ । सबै वैध बासिन्दाहरूलाई हाम्रो स्थानीय चुनावमा मतदान गर्न दिँदा बर्लिङ्टनमा बसोबास गर्ने, काम गर्ने र कर तिर्ने समुदायका सदस्यहरूले आफ्नो आवाज उठाउन पाउँछन् ।

भर्खरै, विनुस्की र मोन्टपेलियरले सबै वैध बासिन्दाहरूलाई स्थानीय चुनावमा मतदान गर्न दिने पक्षमा मतदान गरे र विधायिकाले सो निर्णलाई अनुमोदन गरेर स्थानीय चुनावमा सबै वैध बासिन्दाहरूको मतदानका लागि भर्मोन्टमा बलियो समर्थन प्रदर्शन गऱ्यो ।[1]

सबै वैध निवासीले गर्ने मतदान बर्लिङ्टनमा 2023 को मार्चमा हुन सक्छ र मतदाता र व्यवस्थापिकाले अनुमोदन गरेमा मतदाता नामावलीमा नाम दर्ता गर्ने सबै वैध बासिन्दाहरू भविष्यमा नगरपालिका र विद्यालय बोर्डको निर्वाचनमा मतदान गर्न योग्य हुने छन् ।

## 2. यो परिवर्तनले कसलाई असर गर्छ ?

बर्लिङ्टन नगरका सबै वैध बासिन्दाहरूलाई स्थानीय उम्मेद्वारहरू र स्थानीय सवालहरूमा मतदान गर्न अनुमति दिइने छ । बर्लिङ्टन नगर क्यानाडा, आयरल्याण्ड र जर्मनीलगायत संसारभरबाट आएका वैध बासिन्दाहरूको घर हो । 2020 को अमेरिकी सामुदायिक सर्वेक्षणको 5-वर्षीय तथ्याङ्क अनुसार, बर्लिङ्टन नगरको 5.5% जनसङ्ख्या वैध बासिन्दाहरू हुन् । त्यस बाहेक, नगरको 5.1% जनसङ्ख्या अङ्गीकृत नागरिकता प्रक्रियाबाट आएका छन् ।

## 3. मतदान गर्न को-को योग्य हुने छन् ?

कानुनी रूपमा संयुक्त राज्य अमेरिकामा नगर र नगरमा बसोवास गरिरहेका अनि निर्वाचनको दिनमा 18 वर्ष उमेर पुगेका वा सोभन्दा बढी उमेरका र यसलाई आफ्नो घर बनाउन चाहने व्यक्तिहरू मतदान गर्न मतदाता नामावलीमा नाम दर्ता गर्न योग्य हुने छन् । उदाहरणका लागि, ग्रीन कार्डवालाहरू, योग्य कार्य अनुमति प्राप्त गरेका बासिन्दाहरू वा डिफर्ड एक्सन फर चाइल्डहुड अराइभल्स (DACA) प्रापकहरू । कुनै व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गरिसकेपछि, उनीहरू मतदान गर्न सक्ने छन् ।

---

[1] मोन्टपेलियर (संसद पे. 3, सिनेट पे. 25) स विनुस्की (संसद पे. 4, [1]सिनेट पे. 26) मा विधेयकहरू पारित गर्ने सन्दर्भमा भर्मोन्ट प्रतिनिधि सभा र सिनेट जर्नलहरू हेर्नुहोस् ।

## 4. वैध बासिन्दाहरूले के-केमा मतदान गर्न सक्ने छन् ?

सबै वैध बासिन्दाहरूलाई मेयर, नगरका काउन्सिलर, स्कुलको बोर्ड सदस्य, नगर निर्वाचन अधिकारी र बर्लिङ्टन नगरसँग सम्बन्धित मतदान सवालहरूमा मतदान गर्न अनुमति दिने प्रस्ताव गरिएको छ । सबै वैध बासिन्दाहरूलाई राज्य वा सङ्घीय चुनावमा मतदान गर्न अनुमति दिइने छैन ।

## 5. के वैध बासिन्दा मतदान नयाँ ट्रेन्ड हो ?

**होइन ।** भर्मोन्टमा सबै बासिन्दाले मतदान गरेको लामो इतिहास छ । 18 औँ शताब्दीमा, मतदानमा व्यावहारिक रूपमा कुनै नागरिकताको सीमा थिएन । लगभग 1828 देखि भर्मोन्टलगायतका धैरे राज्यहरूले विशेष गरी आयरल्याण्ड र पश्चिमी युरोपबाट ठुलो सङ्ख्यामा आप्रवासीहरू ओइरिन थालेका कारणले राज्यको मतदाता योग्यतामा नागरिकतासम्बन्धी मापदण्ड लागू गर्न थाले । तथापि, यी राज्य र समुदायहरूले वैध बासिन्दाहरूलाई स्थानीय स्तरमा मतदान गरिरहन अनुमति दिए । वडापत्रमा प्रस्तावित परिवर्तनले यहाँ कानुनी रूपमा रहेका र बर्लिङ्टनलाई आफ्नो मुख्य बासस्थानको रूपमा दाबी गर्न सक्ने व्यक्तिहरूलाई पनि मतदानको अधिकार दिने गर्ने प्रयास गर्दछ ।

## 6. भर्मोन्ट र अमेरिकाका अन्य कुन-कुन नगरहरूले वैध स्थायी बासिन्दाहरूलाई मतदान गर्ने अधिकार दिन्छन् ?

भर्मोन्टमा, विनुस्की र मोन्टपेलियर नगरहरूले 2021 को जुन महिनादेखि नगरपालिका र स्कुलका मतदानहरूमा वैध बासिन्दाले मतदान गर्न पाउने व्यवस्था गरेका छन् ।

भर्मोन्टबाहिरका कम्तीमा अन्य 13 वटा नगरपालिकाहरूले वैध बासिन्दालाई मतदान गर्न अनुमति दिइरहेका छन् । तिनमा न्युयोर्क सहर र सान फ्रान्सिस्को जस्ता प्रमुख सहरहरू र टाकोमा पार्क, मेरील्याण्ड र सोमरसेट, वाशिङ्टन जस्ता साना सहरहरू पर्दछन् ।

## 7. संसारका अन्य कुन-कुन देशले वैध स्थायी बासिन्दाहरूलाई मतदान गर्ने अधिकार दिएका छन् ?

संयुक्त राज्य अमेरिकाबाहेक, क्यानाडा, अर्जेन्टिना, अस्ट्रिया, बार्बाडोस, ब्राजिल, चिले, चेक गणतन्त्र, ग्रिस, हङकङ, आइसल्याण्ड र लिथुआनियालगायतका देशहरूमा वैध निवासी गैर-नागरिकले स्थानीय चुनावमा मतदान गर्न पाउँछन् ।

## 8. वैध निवासीको हैसियतले, अङ्गीकृत नागरिकता प्राप्त गरेपछिको साटो अहिले मतदान गर्न पाउँदा मलाई कस्तो असर पर्न सक्छ ?

धैरे वैध बासिन्दाहरूका लागि अमेरिकाको नागरिक बन्ने प्रक्रिया एक जटिल, लामो समय लाग्ने र महङ्गो हुन सक्छ । वैध बासिन्दालाई यस प्रक्रिया सुरु गर्नुअघि स्थानीय चुनावमा मतदान गर्न अनुमति दिइने छ र यसले गर्दा उक्त व्यक्तिले जनप्रतिनिधि, सवालहरू र उनीहरूको जीवन र समुदायलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने नीतिहरूसँग सम्बन्धित विकल्पहरूमा पछिको साटो अहिले नै मतदान गर्ने अवसर प्राप्त गर्छन् ।

## 9. यदि प्रस्ताव गरिएअनुसार बडापत्र संशोधन गरिएको खण्डमा वैध बासिन्दा मतदाताको हैसियतले म स्थानीय निर्वाचनमा उम्मेद्वार बन्न सक्छु ?

**सक्नुहुन्छ ।** कुनै बासिन्दाको नाम मतदाता नामावलीमा दर्ता भइसकेपछि, सो व्यक्ति स्थानीय निर्वाचनमा उम्मेद्वारको रूपमा चुनाव लड्न सक्ने छ ।

## 10. के मतदान गरेर सङ्घीय कानुनको उल्लङ्घन गरेको ठहरिने छ वा मलाई आफ्नो भिसा वा ग्रीन कार्डका सर्तहरू उल्लङ्घन गर्न प्रेरित गर्ने छ ?

**होइन ।** 18 U.S.C. § 611 ले स्पष्ट रूपमा उनीहरूलाई "राज्यको संविधान वा विधान वा स्थानीय अध्यादेशअन्तर्गत त्यस्तो प्रयोजनका लागि मतदान गर्न अनुमति गरिएको" अवस्थामा वैध बासिन्दाहरूलाई मतदान गर्न अनुमति दिएको छ । यही कुरा प्रस्ताव गरिएको छ ।

## 11. वैध बासिन्दाको हैसियतले मैले मतदाता नामावलीमा नाम दर्ता गरेँ भने, के मेरो मतदाता नामावलीमा मेरो विवरण सार्वजनिक हुन्छ ?

**हो ।** नगरले दुई फरक-फरक नामावलीहरू कायम राख्ने छ: (1) राज्य र संघीय मतदाता नामावली र (2) सबै योग्य बर्लिङ्टन मतदाताहरूको नगरपालिका मतदाता नामावली । दुवै नामावली सार्वजनिक रेकर्ड हुन् र सर्वसाधारणले ती रेकर्ड हेर्ने अनुरोध गरेका खण्डमा उपलब्ध गराइने छ । तर (क) जन्म महिना र तारिख (ख) सवारी चालक इजाजतपत्र वा गैर-सवारी चालक पहिचान नम्बर (ग) टेलिफोन नम्बर (घ) इमेल ठेगाना र (ङ) सामाजिक सुरक्षा नम्बरलगायतका केही निश्चित विवरण भने सार्वजनिक गरिने छैन ।

## 12. वैध बासिन्दाको हैसियतले मेरो पहिलो भाषा अङ्ग्रेजी होइन । मलाई केका लागि मतदान गरिँदै छ भनेर बुझ्न सघाउन अनुवादहरू उपलब्ध हुने छन् ?

**हो ।** नमूना मतपत्रहरू नगरको आप्रवासी र शरणार्थी समुदायहरूले बोल्ने 6 शीर्ष भाषाहरूमा अनुवाद गरिने छ । तिनमा नेपाली, सोमाली, स्वाहिली, भियतनामी, फ्रेन्च र अरबी पर्दछन् । अनुवाद गरिएका यी नमुना मतपत्रहरू चुनाव हुने दिनअघि हरेक निर्वाचन केन्द्रमा उपलब्ध हुने छन् ।

## 13. बडापत्रमा प्रस्तावित यस संशोधनलाई मतदाता र व्यवस्थापिकाले अनुमोदन गरेमा वैध निवासीले कहिलेदेखि मतदाता नामावलीमा नाम दर्ता गर्न सक्छन् ?

भर्मोन्टमा एकै दिनमा मतदाता नामावलीमा दर्ता गर्न सकिन्छ, यसको अर्थ योग्य मतदाताहरूले निम्न अवस्थामा चुनावको दिन वा सोभन्दा अघि मतदाता नामावलीमा नाम दर्ता गर्न सक्छन्:

- अमेरिकाको वैध बासिन्दाको रूपमा रहेको
- 18 वर्ष वा सोभन्दा बढी उमेरको
- बर्लिङ्टन नगरमा बसोबास गरिरहेको
- मतदाता दर्ता बोर्ड समक्ष मतदाता नामावलीमा नाम दर्ता गरेको र मतदाताको शपथ लिएको ।